नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)

फोन नं. ४४६५३६५
Email: info@deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८१।८२
चलानी नं. :

मिति: २०८२/०६/१०
ने.सं.११४५ कौलथ्वा, ५ शुक्रवार

## सहकारी संघ/संस्थाको विनियम स्वीकृति र संशोधन सम्बन्धी सूचना !

यस विभागको नियमन क्षेत्रभित्र पर्ने सहकारी संस्थाहरुले विनियम स्वीकृति तथा विनियम संशोधनको लागि यस विभागमा कागजात पेश गर्दा तपसिल बमोजिमको प्रक्रिया अवलम्वन गर्नुहुन सूचित गरिन्छ।

तपसिल :

- संस्थाले विनियम वनाउँदा सहकारी नियमावली, २०७५ को अनुसूची-१३ मा उल्लिखित विषयहरु समावेश गर्नु पर्ने,
- संशोधनको लागि निवेदन पेश गर्नु भन्दा अगाडि सैद्धान्तिक स्वीकृति लिनुपर्ने, सैद्धान्तिक स्वीकृतिका लागि निवेदन दिँदा सञ्चालक समितिको निर्णयको प्रतिलिपि र तीन महले फाराम दुई प्रति समावेश गर्नु पर्ने,
- विनियम संशोधनको लागि निवेदन दिँदा साधारण सभाको निर्णयको प्रतिलिपि, विनियम संशोधनको मस्यौदाको दुई प्रति तथा तीन महले फाराम दुई प्रति पेश गर्नु पर्ने,
- सहकारी ऐन, २०७४ र नियमावली, २०७५ लागु हुनु भन्दा अगाडि कार्यान्वयनमा रहेका विनियमलाई सहकारी नियमावलीको अनुसूची-१३ बमोजिमको विवरण समावेश गरेर विनियम स्वीकृतिको लागि पठाउँदा जुन मितिमा साधारण सभाबाट स्वीकृत हुन्छ सोही मितिको विनियम उल्लेख गरी साविकको विनियम खारेज गरिएको भन्ने व्यवस्था राख्ने,
- विनियम संशोधन तथा स्वीकृतिको लागि पेश गर्दा संलग्न अनुसूची वमोजिमको संस्थाको संक्षिप्त इतिहास अनिवार्य उल्लेख गर्नु पर्ने ।

२०८२/०६/१०
उमेश ढुङ्गाना
रजिष्ट्रार

# अनुसूचीको ढाँचा

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
काठमाडौं

## संस्थाको संक्षिप्त इतिहास :-

१. प्राम्भिक संस्थाको स्थापना मिति :

२. विनियम स्वीकृत भएको मिति :

३. विनियम संशोधन भएको मिति क्रमैसँग :

४. एकीकरण वा कार्य क्षेत्र/सेवा केन्द्र बिस्तार भएको भए कुन मितिमा भएको हो सोको विवरण :

५. एकीकरण भएको भए कुन-कुन संस्थाहरु मिति एकीकरण भएको हो सो को विवरण :

६. कार्यक्षेत्र क्षेत्र विस्तार भएको भए कुन निकायको स्वीकृतिबाट कुन मितिमा विस्तार भएको हो सो को विवरण :

७. सेवा केन्द्र रहेको भए सेवा केन्द्र राख्ने निर्णय र सेवा केन्द्रहरुको विवरण :

उमेश दुङ्गाना
रजिष्ट्रार